# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खड्यौली, डोटी
### सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र ख्या:२०८१।०८२
च नं :

**पाठ्यपुस्तक छपाईको लागि इच्छुक मुद्रकहरूलाई सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना**

(पथम पटक प्रकाशित मिति:– २०८२/०२/०९)

यस गाउँपालिकाको विद्यालय तहको स्थानीय विषयको पाठ्यपुस्तक "हाम्रो बडीकेदार सेरोफेरो" (कक्षा १–५) शैक्षिक सत्र २०८२ का लागि कक्षा १–५ सम्मका चार रङ्गका देहायका पाठ्यपुस्तक छपाई गर्ने प्रयोजनका लागि प्रचलित कानुन बमोजिम योग्यता पुगेका मुद्रण तथा प्रकाशन प्रा. लि. ले आफ्नो प्रोफायल सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा सूचीकृत भई १६ औं दिनको १२ बजेभित्र आइ पुग्ने गरी रू. १०/– को हुलाक टिकट टाँस गरी कार्ययोजना सहितको आर्थिक तथा प्राविधिक प्रस्तावको सिलबन्दी कागजातहरू पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। साथै सोही दिनको १ बजे गाउँपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा सिलबन्दी दरभाउपत्र खोलिने छ। दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

तपसिल

Printing Specification For Local Text Book

| S. N. | Materials | Size | Colour | Paper Weight | Text paper Quality | Cover Paper Quality | Cover Colour | Binding | Price Per page Rs. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Book 1–5 | 18×24 | Four | 70 gsm | Woodfree 90+ brightness | 300 gsm Art board | Four | Stitch and glue binding | |

**For Reference**

| क्र.स. | कक्षा | पृष्ठ सङ्ख्या | अनुमानित पाठ्यपुस्तक सङ्ख्या |
|---|---|---|---|
| 1 | 1 | 81 | 400 |
| 2 | 2 | 75 | 406 |
| 3 | 3 | 45 | 347 |
| 4 | 4 | 61 | 370 |
| 5 | 5 | 87 | 403 |
| पाठ्यपुस्तकको संख्या विद्यालय इमिस २०८१ को आधारमा अनुमान गरिएकोले पाठ्यपुस्तक संख्या र पाठ्यपुस्तक पेज लेआउट तथा भाषागत सुद्धता गर्ने कार्य भइरहेकोले पाठ्यपुस्तकको पेज संख्यामा समेत केही तलमाथि हुन सक्छ। | | | |

(शेर बहादुर बुढा)
शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

**प्रोफायल सहितको प्रस्तावनामा अनिवार्य रूपमा संलग्न हुनुपर्ने कागजातको विवरणः**

क) संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत)

ख) आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र वार्षिक औषत कारोवार उल्लेख हुनु पर्ने

ग) आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र

घ) प्रेसको किसिम र क्षमता निम्नानुसार हुनुपर्ने छः–

- छपाइ मेसिन १९×२५, २०×३०, २३×३६ / २८×४० को साइजको चार कलर मेसिन कम्तिमा १ थान
- छपाइ प्लेट तयारीका लागि C.T.P. machine कम्तिमा १ थान वा सम्झौता पत्र
- कटिङ्ग मेसिन कम्तिमा १ थान
- स्टिच मेसिन कम्तिमा १ थान
- कम्प्युटर, प्रिन्टर कम्तिमा १ थान
- परफेक्ट बाइन्डिङ्ग (Glue Binding) मेसिन कम्तिमा १ थान

ङ) दरभाउपत्र पेश गर्दा प्रतिपृष्ठको मूल्य खुलाइ पेश गर्नु पर्नेछ।

च) विगतमा सरकारी तथा गैर–सरकारी संस्थाको प्रकाशनगत छापिएका पुस्तकको विवरण

# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खड्यौली, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र ख्या:२०८१।०८२
च नं.:

बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खड्यौली, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

मुद्रण तथा प्रकाशन प्रा . लि . ले पालना पर्नुपर्ने अन्य शर्त तथा थप जानकारीहरू:

१. मुद्रण तथा प्रकाशन प्रा . लि . बाट पेश हुने प्रोफायल सहितका प्रस्तावहरू यस गाउँपालिकाबाट तोकिएको सिलबन्दी प्रस्तावमा दिइएका मूल्याङ्कन शर्तका आधारमा हुनुपर्ने छ।

२. तोकिए बमोजिम गुणस्तर स्फेसिफिकेशन् (Quality Specification) अनुसार पाठ्यपुस्तक छपाइ गर्नुपर्ने छ। यस गाउँपालिकाले उपलब्ध गराएको मुद्रणीय प्रति (Print Ready Copy –PRC) अनुरूप छपाइ गर्नुपर्ने पाठ्यपुस्तकको प्रकाशकमा बडीकेदार गाउँपलिक, डोटी रहने एवम् सर्वाधिकार समेत गाउँपालिकामा नै निहित रहने तर पाठ्यपुस्तकमा मुद्रकको नाम उल्लेख हुनुपर्ने छ।

३. गाउँपालिकाबाट प्रथम पटक पाठ्यपुस्तकहरूको मुद्रणप्रति प्राप्त गर्ने मुद्रकले सेवा शुल्क वापत पहिलो वर्ष प्रति कक्षाको पाठ्यपुस्तकको रु ५००००/– (अक्षरेपी पाँच हजार मात्र) का दरले राजश्व तिर्नु पर्नेछ। साथै सम्झौता अवधिभर दोस्रो वर्षदेखि प्रति कक्षाको पाठ्यपुस्तक वार्षिक ३०००/– (अक्षरेपी तीन हजार मात्र) नवीकरण शुल्क लाग्ने छ।

४. पाठ्यपुस्तक खरिद गरेको बिल र विद्यार्थीको भरपाईको आधारमा सामुदायिक विद्यालयको खातामा रकम निकासा दिइने छ र मुद्रकले विद्यालय मार्फत भुक्तानी लिनु पर्नेछ । संस्थागत विद्यालयको हकमा अभिभावकले आफैले खरिद गर्नु पर्नेछ। प्रत्येक कक्षाको १/१ प्रति पाठ्यपुस्तक यस कार्यालयलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

५. पाठ्यपुस्तक छपाइ गाउँपालिकाले तोकेको गुणस्तर स्पेसिफिकेशन बमोजिम नभएको पाइएमा, मुद्रण कार्यतालिका अनुसार कार्य नगरेमा र गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा कानुन बमोजिम कारवाही गरिने छ। कार्वाहीमा परेको मुद्रक अर्को वर्ष पाठ्यपुस्तक छपाइ कार्यमा संलग्न हुने पाउने छैन साथै धरौटी रकम समेत जफत हुन सक्ने छ।

६. यस वर्ष मुद्रक र गाउँपालिकाबीच बीच ३ वर्षका लागि सम्झौता गरिनेछ।

७. कबोल अङ्कको ५ प्रतिशत धरौटी रकम गाउँपालिकाको धरौटी खाता २७९७०८७३१९८०००७८ मा जम्मा गर्नु वा क बर्गको बाणिज्य बैङ्कबाट जारी भएको न्यूनतम ७५ दिनको मान्यता भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्रसाथ संलग्न गर्नु पर्नेछ।

८. छपाई पश्चात तोकिएको समयभित्र पाठ्यपुस्तक विद्यालयलाई उपलब्ध गराउने दायित्व सम्बन्धित मुद्रकको नै हुनेछ।

९. छपाइको नमुना कागजको दुई पृष्ठ प्रमाणित गरी प्रस्तावसँगै पेश गर्नु पर्नेछ।

१०. पाठ्यपुस्तक छपाई सम्बन्धी सम्बन्धित निकायबाट इजाजतपत्र लिएको हुनु पर्नेछ।

११. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहने छ।

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत